अनुसूची-१
(ऐनको दफा १८ सँग सम्बन्धित)
त्रिवेणी गाउँपालिका, सल्यान
गाउँसभा
१५ औं अधिवेशन

## कार्यसूची र समय तालिका

बैठक संख्या : १ (एक) बैठक स्थान : लुहाम, सल्यान

सभाध्यक्ष : श्री खिम बहादुर रावत ज्यू

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/०३/१० | बिहान ११.०० बजे | सभा सदस्यले माइन्युटमा हाजिर उपस्थिति | | |
| " " | बिहान ११.१५ बजे | सभाध्यक्षको आगमन | | |
| " " | बिहान ११.२० बजे | राष्ट्रिय गान | | |
| " " | बिहान ११.३० बजे | व्याच वितरण | २ जना महिला कर्मचारी | |
| " " | बिहान ११.४५ बजे | आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम प्रस्तुत | सभाध्यक्ष श्री खिम बहादुर रावत ज्यूबाट | |
| " " | बिहान १२.३० बजे | आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम माथी छलफल संशोधन प्रस्ताव तथा पास | सभाध्यक्ष श्री खिम बहादुर रावत ज्यूबाट | |
| " " | दिउँसो १२.४५ बजे | लेखा समितिको प्रतिवेदन प्रस्तुत | संयोजक, श्री कुल बहादुर पुन ज्यूबाट | |
| " " | दिउँसो १.०० बजे | न्यायिक समितिको प्रतिवेदन प्रस्तुत | सभा सदस्य श्री मोहन सिं के.सी ज्यूबाट., | |
| " " | दिउँसो १.१५ बजे | आ.व. २०८१।८२ को बजेट तथा कार्यक्रम प्रस्तुत | संयोजक, श्री सीता खड्का पुन ज्यूबाट | |
| " " | दिउँसो २.०० बजे | आर्थिक विधेयक प्रस्तुत | सभा सदस्य श्री दल बहादुर बस्नेत ज्यूबाट | |
| " " | दिउँसो २.२० बजे | विनियोजन विधेयक प्रस्तुत | सभा सदस्य श्री विमल रावत, ज्यूबाट | |
| " " | दिउँसो २.३० बजे | आ.व. २०८१।८२ को बजेट तथा कार्यक्रम माथी छलफल संशोधन प्रस्ताव तथा पास | सभाध्यक्ष श्री खिम बहादुर रावत ज्यूबाट | |
| " " | दिउँसो ३.३० बजे | सभाध्यक्ष ज्यूबाट तेह्रौं गाउँसभाको नीति तथा कार्यक्रम तथा समापन | सभाध्यक्ष श्री खिम बहादुर रावतज्यूबाट | |
| " " | दिउँसो ४.०० बजे | खाजा र चिया व्यवस्थापन | | |

खिम बहादुर रावत
अध्यक्ष

CamScanner

आज मिति २०८१ साल आषाढ १० गते सोमबारका दिन बिहान ११.०० बजे यस त्रिवेणी गाउँपालिका, सल्यानको गाउँसभाको पन्ध्रौं अधिवेशन त्रिवेणी गाउँपालिकाका अध्यक्ष तथा गाउँसभाका सभाध्यक्ष श्री खिम बहादुर रावतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सभा सदस्यज्यूहरुको उपस्थितिमा सभा सञ्चालन भई तपसिल बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री खिम बहादुर रावत | अध्यक्ष, त्रिवेणी गाउँपालिका | सभाध्यक्ष |
| श्री सीता खड्का पुन | उपाध्यक्ष, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री दल बहादुर बस्नेत | १ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री हस्त बहादुर रामजा | २ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री कर्णदेव डाँगी | ३ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री छविराज शर्मा | ४ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री बिमल रावत | ५ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री मनोज शाह | ६ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री अमृता बि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री तुलसी रावत | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री तुलाराम सुनार | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री हिरालाल परियार | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री खर्के पुन | १ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री मान बहादुर पुन | १ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री गोमा भण्डारी | १ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री आशा सुनार | १ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री तेज बहादुर महतारा | २ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री खिम बहादुर चलाउने | २ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री लक्ष्मी रामजा | २ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |

खिम बहादुर रावत
अध्यक्ष

| | | |
|---|---|---|
| श्री शान्ता बि.क. | २ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री मोहन सिं के.सी. | ३ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री केशर सिं बोहरा | ३ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री यामा योगी | ३ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री कुल बहादुर पुन | ४ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री लोक बहादुर चलाउने | ४ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री कविता बि.क. | ४ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री लिलामणि गिरी | ५ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री धर्म बहादुर घर्ती | ५ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री गौरी बि.क. | ५ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री खेमराज रेग्मी | ६ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री तीर्थराज डाँगी | ६ नं. वडा सदस्य, त्रिवेणी गाउँपालिका | सदस्य |
| श्री गोमा बि.क. | ६ नं. वडा महिला सदस्य, त्रिवेणी गाउँपालि | सदस्य |
| श्री खुम बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**कर्मचारीहरु :**

श्री तिलक रावल, अधिकृत छैठौं

श्री प्रभात कुमार श्रेष्ठ, अधिकृत छैठौं

श्री अमर सिं बबाल, अधिकृत छैठौं, योजना शाखा प्रमुख

श्री गणेश प्रसाद आचार्य, अधिकृत छैठौं

श्री शिवराज गोसाईं, इन्जिनियर

श्री दिपेश प्रधान, सूचना प्रविधि अधिकृत

श्री वसन्त रावत, पशु सेवा शाखा प्रमुख

श्री सन्तोष सापकोटा, लेखापाल

श्री मोहन ओली, आ.ले.प.

श्री दिपक गौतम, सहायक पाँचौं

श्री विञ्जना रिजाल, प.स्वा.प्रा.

श्री रोहित देवकोटा, (रोजगार सहायक)

खिम बहादुर रावत
अध्यक्ष

श्री वसन्ता वली, स.म.वि.नि.

श्री रमेश साउद, कम्प्युटर अपरेटर

श्री कृष्ण घर्ती, का.स.

श्री डिसेम्बर खडका, का.स.

खिम बहादुर रावत
अध्यक्ष

निर्णयहरु

निर्णय नं.१ - प्रस्ताव नं. १ माथि छलफल गर्दा, आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि नीति, कार्यक्रम तथा बजेट सम्बन्धी विभिन्न मितिमा सञ्चालन भएका विषयगत समितिहरु एवं बजेट तथा योजना तर्जुमा समितिबाट सिफारिश भई आएका देहाय बमोजिमका नीति, कार्यक्रम तथा बजेटलाई १५ औं गाउँसभाबाट सर्वसम्मत रुपले पारित गरियो ।

तपसिल

आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

१. नेपाली जनताले पटक-पटक गरेको लामो सङ्घर्ष र बलिदानको उपलब्धि स्वरुप जारी भएको नेपालको संविधान बमोजिम गठित त्रिवेणी गाउँपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा निर्वाचित भएपश्चात् तेस्रो पटक त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले स्थापना गरेको संघ, प्रदेश र स्थानीय सरकार अन्तर्गत जनताहरुसँग प्रत्यक्ष जोडिएर आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक,कानुनी लगायत जनजीविकाका सवालहरुलाई संरक्षण प्रवर्द्धन र रुपान्तरण गर्ने जिम्मेवारीका साथ हामी स्थानीय सरकार सञ्चालनमा छौं । विभिन्न क्षेत्रका विज्ञ एवं सरोकारवालाहरुसँगको परामर्श, छलफलबाट प्राप्त सुझावहरुलाई एकीकृत गरी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तयार पारेका छौं । यसरी अमुल्य सुझाव प्रदान गर्नुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना र समाजको आमूल परिवर्तका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन, संघर्ष तथा क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।परिवर्तनसँग ती आन्दोलनहरुमा अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने सबै अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । यसका साथै मुलुकको राजनीतिलाई संघीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।यस गाउँपालिकाको स्थापना कालदेखि पालिकाको चौतर्फी विकासमा भूमिका निर्वाह गर्नुहुने अग्रज व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्दछु ।

**सभा सदस्य ज्यूहरु,**

४. **"सफा, हराभरा, सुन्दर शान्त त्रिवेणी गाउँपालिका, सूशासन, सहभागिता दिगो विकास समृद्धि र समतामुलक समाज निर्माणमा हाम्रो प्रतिवद्धता"** भन्ने मूल नाराका साथ विभिन्न नीतिहरु अवलम्वन गर्दै शुरु भएको त्रिवेणी गाउँपालिकाको विकासको यात्रा "स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिबद्धता" सहितको



खिम बहादुर रावत
अध्यक्ष

नारा अवलम्वन गरी विभिन्न नीतिहरुको समीक्षा गर्दा सफलता प्रास भएको अनुभुति गरेको छु । विगतमा हामीले सम्पन्न गरेका कामहरु र त्यसबाट प्रास सफलता र सिकाइका आधारमा आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेका छौं ।

अब, म संक्षेपमा विगतमा गरेका उपलब्धिहरुलाई उल्लेख गर्न चाहन्छु ।

४. गाउँपालिकाको प्रत्येक वडामा सडक सुविधा पूर्याउने नीतिलाई कार्यान्वयन गरिएको छ । बाह्रै महिना सञ्चालन हुने गरी त्यस्ता सडकहरुको स्तरोन्नति कार्य प्रारम्भ गरिएको छ ।

५. सामुदायिक शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्य सम्पन्न गरिएको छ । स्वयंमसेवक शिक्षकको नियक्तिलाई व्यवस्थित र प्रभावकारी बनाइएको छ ।विद्यालयहरुमा जडान भएका इ हाजिरीको व्यवस्थापनलाई प्रभावकारी बनाइएको छ ।

६. सामुदायिक विद्यालयहरुमा रुम टु रिड संगको सहकार्यमा बालमैत्री वसाई व्यवस्थापन तथा बालमैत्री पुस्तकालय निर्माण गरी सञ्चालन गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार निर्माण, घेरवार, मर्मत सम्भार, भित्ते लेखन, रङरोगन आदिको माध्यमबाट उपयुक्त शैक्षिक वातावरणको विकास गरिएको छ ।

७. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन त्रिवेणी स्वास्थ्य चौकीमा एम.वि. वि.एस. डाक्टर, औषधि उपकरण, ल्याव सामाग्रीको व्यवस्था सहित विशेषज्ञ सेवा प्रदान गर्ने कार्य गरिएको छ । वडा नं. ५ मा स्वास्थ्य चौकी भवन र अन्य स्वास्थ्य संस्थाहरुको मर्मत सम्भार तथा स्तरीकरण गरिएको छ ।

८. "स्वास्थ्यकोलागि खेलकुद, राष्ट्रको लागि खेलकुद" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय अध्यक्ष कप भलिबल प्रतियोगिता तथा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गरी खेल संस्कृतिको विकास गरिएको छ ।

९. " एक गाउँपालिका, एक खेलकुद मैदान" निर्माणको लागिरिखेबगर खेलकुद मैदानलाई स्तरोन्नति गरिएको छ ।

१०. नेपाल सरकारबाट घोषणा गरिएको अभियानलाई आफ्नै अभियानको रुपमा सञ्चालन गरी पूर्ण खोप सुनिश्चितता, पुर्ण सरसफाई, पोषणमैत्री वडा घोषणा जस्ता अभियानलाई प्राथमिकता दिइएको छ ।

खिम बहादुर रावत
अध्यक्ष

११. गाउँपालिकाको ऐतिहासिक, पौराणिक, कला, साहित्य, सामाजिक, सांस्कृतिक परिवेश, पालिकाभित्रका महत्वपूर्ण सम्पदा, जीवन उपयोगी सीपसमेतका विषयमा अतिरिक्त जानकारी प्रदान गर्न " हाम्रो त्रिवेणी पाठयक्रम" तयार गरी लागू गरिएको छ ।

१२. नागरिकको सूचनाको हक तथा पार्दर्शीताको विकास गर्दै सुशासनको अवधारणालाई संस्थागत गर्दै लैजाने कार्य गरिएको छ । यसका लागि सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टी सर्वेक्षण, योजनाहरुमा सार्वजनिक परीक्षण, भुक्तानी दावी विरोधको सूचना, लगायतका कार्यहरु सञ्चालन गरिएको छ ।

१३. करका दर र दायरा तथा नयाँ क्षेत्रको पहिचान र विकास गर्दै आन्तरिक आयको विस्तार गर्दै लगिएको छ ।

१४. गाउँपालिका गौरवका आयोजनाहरु अन्तर्गत लुहाम फलाबाङ मखनटाकुरी सडक, कोलचौर खोला कोलचौर खज्जर अनरुद्र हुँदै दाङ जोड्ने सडक, सल्लेखोला सिम्क पिपलबोट सडक, लुहाम पोखरीज्यूला ढोरचौर सडकको स्तरोन्नतिको कार्य भै रहेको छ ।६ नं. वडा कार्यालयको प्रशासनिक भवन, ५ नं. वडा कार्यालयको प्रशासनिक भवनको कार्य सम्पन्न भएको छ ।

१५. गाउँपालिकाको विकासलाई योजनावद्ध ढंगले अगाडि बढाउन गाउँपालिकाको प्रोफाइल, आवधिक योजना, मध्यकालीन खर्च संरचना, विस्तृत आयोजना प्रतिवेदन समेतका आधारमा वार्षिक योजना तथा कार्यक्रमहरु निर्माण गर्ने गरिएको छ ।

१६. "कृषकको उत्पादन, गाउँपालिकाको अनुदान" कार्यक्रमबाट किसानहरुको आयआर्जनमा वृद्धि गरी व्यवसाय उन्मुख बनाउन कृषि तथा पशुपालन गर्ने किसानहरुलाई विभिन्न स्वरुपमा अनुदान प्रदान गर्ने गरिएको छ । साथै पशुहरुमा लाग्ने सम्भावित महामारीजन्य रोगहरुलाई न्यूनीकरण गर्न टोल स्तरमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

१७. स्थानीय श्रम, प्रविधि सीप र स्रोतको उपयोग गरी स्थानीय स्तरमै उद्यमशील संस्कृतिको विकास गर्न तथा गरिवी निवारण गर्नका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकताका साथ अगाडिबढाइएको छ ।

१८. भवन निर्माण मापदण्डको कार्यान्वयन गराउन तथा भुकम्प प्रतिरोधी घर निर्माण गर्नको लागि भुकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम सञ्चालन गरिएको छ ।

खिम बहादुर रावत
अध्यक्ष



CamScanner

१९. पोषण विशेष कार्यक्रम अन्तर्गत सुनौला हजार दिन भित्रका आमा तथा बच्चाहरुको पोषण अवस्थामा सुधार गर्नको लागि पोषण सेवा विस्तार कार्यक्रम गरिएको छ ।

२०. मातृशिशु स्वास्थ्य अवस्थाको मध्यनजर गर्दै PNC VISIT तथा सुत्केरी घरभेट कार्यक्रमका साथै जेष्ठ नागरिकहरु प्रति सम्मान व्यक्त गर्दै जेष्ठ नागरिकसँग स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम सञ्चालन गरिएको छ ।

सभासदस्यज्यूहरु,
अब, मआगामीआर्थिकवर्ष२०८१/०८२ मा गरिने विषयगत क्षेत्रका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

<u>आर्थिक विकास :</u>
<u>कृषितथापशुपन्छी</u>

२१. वास्तविक कृषकहरुलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराई कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र विविधिकरण गर्नको लागि "कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम" फर्म,समूह,सहकारी मार्फत उपलब्ध गराउने नीति लिइनेछ।

२२. गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा कृषकहरुलाई सहभागी गराउनको लागि अनिवार्य रुपमा सूचिकृत हुनुपर्ने नीति लिइनेछ । सूचिकृत भएका किसानलाई कृषक परिचय पत्र उपलब्ध गराइनेछ ।

२३. पशुपन्छीसँग सम्वन्धित सम्भावित महामारी रोग नियन्त्रणको लागि खोप अभियान, पशु स्वास्थ्य शिविर समेतका कार्यक्रम संचालन गरिनेछ ।

२४. पशुपन्छीको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार भन्ने मूल नाराको साथ गाई, भैसी र बाखामा प्राकृतिक तथा कृतिम गर्भाधान मिशन कार्यक्रम,हरियो घास बिस्तार कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

खिम बहादुर रावत

२५. गाउँपालिकाबाट संचालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा महिला, दलित, जनजाती, अपाङ्ग, भएका व्यक्तिहरुलाई बिशेष प्राथमिकतामा राखुको साथै आयआर्जन वृद्धिका कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२६. कृषि तथा पशुपन्छीपालनमा हुने जोखिम न्यूनीकरण गरि कृषकहरुलाई बीमामा आकर्षण गर्नको लागि कृषि तथा पशुपन्छीबीमा प्रिमियममा ५०% अनुदानको व्यवस्था गरिनेछ ।साथै गाईको संरक्षण तथा जोखिम न्युनिकरण गर्नको लागि सत प्रतिशत बीमा प्रिमियमको व्यवस्था गरिनेछ ।

२७. भौगोलिक क्षेत्र र उत्पादनको आधारमा पकेट क्षेत्र निर्धारण गरी एक वडा एक उत्पादन बिशेष कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।पशुमा हुने बाझोपन निवारण र जन्मान्तर कम गर्नको लागि बेस लाइन सर्भे गरी सो सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

२८. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसायिक, प्रतिस्पर्धी र मर्यादित पेशाको रुपमा विकास गर्नको लागि गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमबाट सम्मान गर्ने नीति लिइनेछ ।

२९. समुह, सहकारीहरु संग समन्वय गरी कृषि उत्पादनजन्य वस्तुहरु कृषकको बारीदेखि संकलन केन्द्रसम्म पुर्याउनको लागि ढुवानीमा अनुदान व्यवस्था गर्न कार्यविधि बनाई कार्यक्रम संचालन गरिनेछ ।

३०. कृषि तथा पशुजन्य उत्पादन बिक्री वितरणमा समुह, सहकारीहरुलाई संगठित गरी पालिकास्तरीय कृषि उपज बजार समिति गठन गरी कार्यान्वयनमा लगिनेछ ।

३१. कृषि तथा पशुजन्य उत्पादन आयतमा प्रतिस्थापन गर्दै निर्यात प्रर्वद्धनका लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ। कृषिजन्य उत्पादनमा बढ्दो विषादी प्रयोगलाई न्यूनीकरण गरी अर्गानिक उत्पादन प्रोत्साहनको नीति लिइनेछ । बीउ उत्पादन तथा निर्यात प्रवर्द्धनको लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

३२. **"स्वस्थ माटो, स्वस्थ जीवन"** भन्ने मुल नाराका साथ माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ । कृषि यान्त्रीकरण, मल बीउमा अनुदान, सिंचाई सुविधाको उपलब्धता, उत्पादन संकलन तथा बजारीकरण गर्न आवश्यक पूर्वाधार, सहकारी समूह र कृषकहरुलाई उत्पादन विशेष तालिम कार्यक्रमसमेतको माध्यमबाट कृषिमा व्यवसायीकरण तथा विविधिकरण गर्ने नीति लिइनेछ ।

३३. तल्लो तटीय क्षेत्रमा आँप, लिच्ची, मेवा र उपल्लो भागमा सुन्तला, कागती जस्ता अमिला जातका प्रजाती तथा ओखर, किबी जस्ता फलफूलको व्यवसायिक उत्पादन बढाउन फर्म, समुह, सहकारीसँग सहकार्य गरेर कार्यक्रम सञ्चालन् गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३४. **"सिचाईसुविधाको विस्तार, कृषि उत्पादन वृद्धिको आधार"** भन्ने मुल नारालाई आत्मसाथ गर्दै घट्दो जलस्रोतको अवस्थालाई दृष्टिगत गरी वाटर रिचार्जका जलाशय तथा पोखरी निर्माण गरी वहुआयमिक उपयोग साथै " एक वडा एक रिचार्ज पोखरी" निर्माण कार्यक्रमलाई विस्तार गरिनेछ ।

३५. "कृषि क्षेत्रमा पर्याप्त पानी, उत्पादन वृद्धिमा हाम्रो लगानी" भन्ने सोचका आधारमा सिचाईको सम्भाव्यता र दिगोपनाको अध्ययन गरीसिचाई सुविधा उपलब्ध नभएका स्थानहरुमा सिचाई कुलो निर्माण गर्ने, पुराना कुलोको मर्मत सम्भार गर्न मर्मत सम्भार कोषको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । साथै सिचाई कुलोको दिगोपना, मर्मत सम्भार लगायतका सबै विषयलाई दृष्टिगत गरी २५ से. मी. भन्दा बढी उचाई भएमा आर.सि.सि.बनाउने नीतिलाई अंगिकार गरिनेछ ।

<u>**उघोगव्यवसाय, श्रम रोजगारी, गरिबी निवारण, सहकारी**</u>

३६. उघमशीलता मार्फत रोजगारी र उत्पादनमा वृद्धि गर्ने नीतिलाई आत्मसाथ गरी उघमशिलता प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३७. त्रिवेणी गाउँपालिकाभित्र सञ्चालन र स्थापना हुने उद्योग तथा व्यवसायलाई दर्ता प्रक्रियाद्धारा करको दायरामा ल्याई गाउँपालिकाको आर्थिक श्रोत वद्धि गर्ने तर्फ जोड दिइनेछ ।

खिम बहादुर रावत
अध्यक्ष



CamScanner

३८. स्थानीय स्रोत साधन, ज्ञान, सिप र प्रविधिको परिचालन गरी लघु तथा घरेलु उद्योगको लगानीमा वृद्धि ल्याउनुका साथै उत्पादित वस्तुको बजारीकरणमा सहजता ल्याइनेछ ।

३९. श्रम बजारमा प्रवेश गर्ने तथा रोजगार गुमाएकामहिला, दलित, जनजाती, विपन्नतथा सीमान्तकृतश्रमिकलाई काम र रोजगारीको सुनिश्चिता प्रदान गर्न प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सुचिकृत गराई प्राथमिकताका आधारमा काम र रोजगारीको प्रत्याभुति गरिनेछ ।

४०. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि गाउँपालिकाबाट पुन: श्रम स्वीकृति प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

४१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त रकमलाई दिगो एवं प्रभावकारी बनाउन पालिकाले छनोट गरेका योजनाहरुमा निर्माण सामाग्री खरिद तथा मानव संशाधनमा साझेदारी गरी वेरोजगारहरुलाई श्रममा लगाउने नीति लिइनेछ।

४२. उपभोक्ताको खाद्य सुरक्षा तथा सम्प्रभुताको लागि सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ । वजार अनुगमन कार्य हरेक तीन महिनामा सञ्चालन गरि खाद्य बस्तुको गुणस्तर कायम गर्ने नीति लिइनेछ।

४३. साना लघु तथा घरेलु उद्योगलाई दर्ता गरी उद्योगको संरक्षण एवं सम्बर्द्धन गरिनेछ। व्यवसाय करको दायरालाई फराकिलो बनाई आन्तरिक राजश्वमा वृद्धि गरिनेछ। व्यवसाय दर्ता नवीकरण तथा व्यवसाय कर संकलनको लागि घुम्ति टोलीको व्यवस्था गरिनेछ ।

४४. स्थानीय कच्चा पर्दाथको सदुपयोग गर्दै उद्योग सञ्चालन गर्ने उद्योगीहरुलाई प्रोत्साहन तथा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने सेनेटरी प्याड स्थानीय स्तरमा नै उत्पादन गर्नको लागि समुह तथा सहकारी माध्यमबाट सञ्चालन गराउने व्यवस्था मिलाइनेछ र सोका लागि ७० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

४६. खुल्ला तथा कुम्ले व्यापारीहरुको लगत राखी करको दायरामा ल्याइ नियन्त्रणमा ल्याइनेछ ।



खिम बहादुर रावत
अध्यक्ष

४७. कृषि तथा पशुजन्य उत्पादन गर्ने उद्योगहरुलाई उद्योग दर्ता भएको मितिबाट ३ वर्षसम्म छुट गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

४८. "सुदृढ स्थानीय अर्थतन्त्र, समृद्धिको मुलमन्त्र" लाई आत्मसात गर्दै त्रिवेणी गाउँपालिका भित्र रहेका सरकारी तथा निजी बैंक तथा वित्तीय संस्थाहरुसँग आवश्यक समन्वय सहकार्य गरी कृषि, पर्यटन, उद्योग तथा व्यवसायमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

४९. "सक्षम सहकारी, बढाउने छ रोजगारी" अभियानसँग जोडि सहकारी संघ संस्थाहरुलाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरणका लागि प्रोत्साहन गरिनेछ ।

५०. सहकारीलाई क्रियाशिल र सक्षम बनाउन उपयुक्त तालिम तथा सहकारी मर्जको नीति लिइनेछ साथै लामो समयदेखि कारोबार बन्द गरी निष्क्रिय रहेका एवं खराव अवस्था भएका संस्थाहरुको सबलीकरणका लागि उपयुक्त तालिमको प्रबन्ध मिलाइनेछ ।

<u>पर्यटनप्रवर्द्धन</u>

५१. **घुम्न जाँउ त्रिवेणी**भन्ने अभियानलाई निरन्तरता दिइने छ । यसका लागि पर्यटन गुरुयोजना निर्माण गरी पुर्वाधार विकास गरिनेछ ।पर्यटकको आवागमनमा वृद्धि, रोजगार र सम्बृद्धिका लागि पर्यटकीय स्थलसम्म पुग्न सडकको स्तरोन्नति तथा पदमार्गहरु निर्माण गरिनेछ ।त्रिवेणी गाउँपालिकाको सदरमुकाममा रहेको त्रिवेणी तीर्थशालाधाम वैधानिक रुपमा दर्ता भएकोले स्तरोन्नति गर्दै लगिनेछ भने गैरासल्ले, फलाबाङ, थर्कोट, सापमारा, शिद्धगुफा तथा गैरिकटेरीमा पर्यटकीय पूर्वाधारको विकास गरिनेछ साथै उक्त स्थानहरुमा नागरिकहरुसँगको समन्वय तथा सहकार्यमा होमस्टे निर्माण कार्यको प्रारम्भ गरिनेछ ।

खिम बहादुर रावत

५२. ऐतिहासिक एवं पुरातात्विक सम्पदा, प्रसिद्ध फलाबाङ दरबार निर्माणको लागि सम्बन्धित पक्षसँग जग्गा प्राप्तिको लागि पहल गरि फलाबाङ दरबार निर्माण सम्बन्धी विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ ।

**सामाजिकविकास**

**शिक्षा, यूवा तथा खेलकुद**

५३. **"उत्कृष्ट र सूरक्षित शिक्षालय, मेरो विद्यालय"**अन्तर्गत विद्यालयको भौतिक पूर्वाधारहरु भवन, शौचालय, पुस्तकालय, कम्प्युटर ल्याब, खेलकुद मैदान, विद्यालय घेरबार, रंगरोगन, बालमैत्री फर्निचर, विज्ञान प्रयोगशालाको निर्माण, मर्मत सम्भार, थप सामाग्रीको व्यवस्था तथा स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ ।यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य समेत गरिनेछ ।

५४. शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी तथा व्यवहारिक बनाउन तथा विद्यार्थीसँग अनुभव आदानप्रदान गर्न, जिज्ञासा समाधान गर्न **"अध्यक्षसँग विद्यार्थी कार्यक्रम"** लागू गरिनेछ ।

५५. विद्यार्थी संख्या र भूगोलका आधारमा सामुदायिक विद्यालयको पुनर्मुल्याङकन गरी शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजनको कार्यलाई प्राथमिकता दिइनेछ । नियमावली तथा त्रिवेणी गाउँपालिकाको विद्यालय शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि बमोजिम तोकिएको न्यूनतम् विद्यार्थी सङ्ख्या नपुगेका संस्थागत विद्यालयलाई अर्को संस्थागत विद्यालयसँग मर्जरमा जान अवसर प्रदान गर्ने र मर्जरमा नगएमा कक्षा तह वा विद्यालयको अनुमति रद्ध गर्ने प्रक्रिया अगाडि वढाइनेछ ।

५६. सामुदायिक विद्यालयहरुमा सातामा एक दिन अनिवार्य सीपमूलक तालिम प्रदान गरिने व्यवस्था गरिनेछ ।

५७. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा "भर्ना गराउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रुपमा सञ्चालन गरिनेछ ।

५८. संस्थागत विद्यालयमा बालबालिकाको स्वास्थ्य अनुकूल भवन तथा पूर्वाधारको व्यवस्था गर्न लगाउनुका साथै त्यहाँ कार्यरत शिक्षकको कानुन बमोजिम नियुक्ति, तथा न्यूनतम सेवा सुविधा उपलब्ध गराउन लगाई सोको अनुगमन तथा नियमन गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

५९. त्रिवेणी गाउँपालिकाले निर्माण गरी कार्यान्वयनमा ल्याएको हाम्रो त्रिवेणी पाठ्यपुस्तकलाई प्रभावकारी बनाउन विषयवस्तुको समिक्षा गर्दै स्थानीय भेषभुषा, धर्म संस्कृति, रहनसहन, जीवनयापन बारेमा बोध गराई सामाजिकीकरण गर्न सहज बनाउन उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. **"शिक्षामा नवप्रवर्द्धन,शैक्षिक गुणस्तरमा सम्बर्द्धन"**अन्तर्गत सामुदायिक विद्यालयहरुलाई नमूना बनाउनका लागि मापदण्डका आधारमा बर्गीकरण गरि पाइलटिङको रुपमा वडामा एक-एक वटा तहगत नमूना विद्यालयको विकास गरिनेछ ।

६१. **"छोरीलाई पढाऔं, असमानता घटाऔं"**अभियान सञ्चालन गरिनेछ । यसका लागि माध्यमिक शिक्षा तथा उच्च शिक्षासम्म अध्ययन गर्न छोरीहरुलाई प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

६२. सामुदायिक विद्यालयमा अध्ययनरत अभिभावक विहिन, टुहुरा, अनाथ, सडक बालबालिकालाई शिक्षामा पहुँच अभिबृद्धि गर्न पालिकाले अभिभावकत्व ग्रहण गर्नेनीति लिनेछ । जसका लागि आवश्यक शैक्षिक सामाग्री तथा छात्रवृत्तिका कार्यक्रम सञ्चालन गर्न अध्यक्ष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी व्यवस्थापन गर्न गाउँपालिकाबाट स्वंय सेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिन विद्यालयमा एकमुष्ठ शैक्षिक अनुदान सहायताको व्यवस्था गरिनेछ ।

६४. समुदायमा आधारित विकास प्रकिया, समस्या समाधानका लागि अध्ययन अनुसन्धान, प्राथमिक उपचार तालिम, स्थानीय शासनमा नबप्रवर्तन, लैंगिक समानता तथा समावेशीकरण आदि विषयहरुमा कक्षा सञ्चालन तथा पालिकाका काम कारवाही विकास निर्माण सेवा प्रवाह लगाएतका विषयमा बालबालिकाहरुलाई जानकारी प्रदान गर्न आवश्यक तालिम तथा पालिकामा विभिन्न शाखाहरुसँग अन्तर्क्रिया गर्ने व्यवस्था मिलाइनेछ।

६५. कक्षा ८ देखि १० कक्षा सम्मका विद्यार्थीहरुलाई लक्षित गरी वृत्ति मार्गनिर्देशन ( Career Council) कार्यक्रम सञ्चालन गरिनेछ ।यसका लागि विभिन्न क्षेत्रमा ख्याति प्राप्त विज्ञहरुलाई आमन्त्रण गरी अतिथि कक्षा सञ्चालन गरिनेछ ।शिक्षालाई उत्पादनसँग जोड्दै श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न**"श्रमको सम्मान, राष्ट्रको स्वाभिमान"** भन्ने नाराका साथ माध्यमिक तहका विद्यार्थीका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ ।



खिम बहादुर रावत
अध्यक्ष

६६. सामुदायिक विद्यालयलाई सूचना प्रविधिसंग जोडि सबै विद्यालयलाई प्रविधिमैत्री बनाइनेछ ।विद्यालयहरुमा इ-हाजिरीलाई अनिवार्य गर्ने तथा कक्षागत शिक्षण प्रणालीलाई क्रमश:Digitalised System मा लगिनेछ ।शिक्षकको कार्य सम्पादन मुल्याकंनका आधारमा करार सम्झौता गरिनेछ ।

६७. सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइमा प्रतिष्पर्धा अभिवृद्धि गर्न वर्ष उत्कृष्ट विद्यालय, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समिति, कर्मचारी र अभिभावक घोषणा गरी प्रोत्साहन गरिनेछ ।

६८. सामुदायिक विद्यालयमा छात्राहरुलाई महिनावारी हुँदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने प्रवृत्तिलाई निरुत्साहित गर्न र छात्रा उपस्थिति दर बढाउन पालिकाले नि:शुल्क सेनेटरी प्याड वितरण कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

६९. सामुदायिक विद्यालयबाट एस.इ.इ. परीक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्रछात्राहरुलाई र समग्रमा एसइइमा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

७०. हरित विद्यालय निर्माणको लागि एक विद्यार्थी एक बिरुवा कार्यक्रमलाई अघि बढाइनेछ । साथै विद्यालयको खाली क्षेत्रमा बगैचा निर्माण तथा फलफुलका बिरुवा रोप्ने कार्यलाई अभियानको रुपमा अघि बढाइनेछ ।

७१. वडास्तरीय सामुदायिक सिकाई केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षार सीप बिकासप्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

७२. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।

७३. सामुदायिक विद्यालयमा हुन सक्ने सम्भावित विपद जोखिम न्यूनीकरण गर्न अग्नी नियन्त्रण उपकरण जडान गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

७४. त्रिवेणी गाउँपालिकाको रिखेबगर खेलकुद मैदानको निर्माण तथा स्तरोन्नतिको लागि आवश्यक भौतिक पुर्वाधार निर्माण गरिनेछ ।

भिम बहादुर रावत
अध्यक्ष

७५. "स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय खेलकुद, अध्यक्ष कप (भलिबल, क्रिकेट, फुटबल, ब्याडमिन्टन) प्रतियोगिता तथाराष्ट्रपति रनिङ शिल्ड सञ्चालन गरिनेछ ।सबै तहका विद्यालयहरुमा खेलकुदको विकास गर्न खेलकूद कार्यक्रम तथा यूवा सशक्तिकरण कार्यक्रममा जोड दिइनेछ ।

७६. सामुदायिक विद्यालय तथा गाउँपालिकाबाट प्रतिनिधित्व गर्ने खेलहरुलाई प्रतिष्पर्धी बनाउन, खेलकुद क्षेत्रको विकास, विस्तार तथा नवप्रतिभाको पहिचान गर्न खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।

७७. त्रिवेणी गाउँपालिकाका यूवाहरुलाई लागूपदार्थ दुर्व्यसनी विरुद्ध सचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।जस अन्तर्गत विद्यालय, टोल विकास समिति तथालक्षित वर्गहरुको सञ्जालको माध्यमबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. युवाहरुलाई संसदीय अभ्यासप्रति जानकार गराउनका लागि युवा परिषदको सहयोगमा नमुना युवा सभा कार्यक्रम सञ्चालन गरिनेछ ।

**स्वास्थ्य, पोषण**

७९. त्रिवेणी गाउँपालिकामा स्थापना भई सञ्चालनमा आएको त्रिवेणी स्वास्थ्य चौकीलाई आधारभुत अस्पतालमा स्तरोन्नति गर्दै गुणस्तरीय,सर्वसुलभ उपचारात्मक तथा निदानात्मक सेवा लगायत विशेषज्ञ उपचार सेवाहरु संचालन गर्दै प्रेषण केन्द्रको रुपमा विस्तार गरि २४ सै घण्टा सेवा दिने व्यवस्था मिलाउनुको साथै गुणस्तरीय एवं भरपर्दो ल्याव सेवा सञ्चालन गरिनेछ ।जसका लागि आवश्यक औषधि उपकरणखरिदको व्यवस्था मिलाइनेछ .।

८०. त्रिवेणी गाउँपालिकाका सम्पुर्ण स्वास्थ्य संस्थाको भौतिक पुर्वाधारमा स्तरोन्नति तथा मर्मत सम्भारको व्यवस्था गर्दै नागरिकलाई सहज एवं प्रभावकारी ढंगले स्वास्थ्य सेवा प्रवाह गर्न ३६५ दिन नै स्वास्थ्य संस्था खुला गरिने नीतिलाई निरन्तरता दिइने छ ।सबै स्वास्थ्य संस्थाहरुमा सञ्चालनमा रहेका प्रसुति सेवा(Birthing Center)लाई स्तरीकृत गर्दै लगिनेछ ।

८१. "सुरक्षित आमा, सुपोषित सन्तान" अभियान सञ्चालन गर्दैप्रोटोकल अनुसार गर्भवती जाँच र संस्थागत सुत्केरी हुने दरलाई बढाउन आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।सुनौला हजार दिन भित्रका आमा तथा बच्चाहरुमा पोषण सम्बन्धी कार्यक्रम



खिम बहादुर रावत
अध्यक्ष

सञ्चालन गरी कुपोषण दरमा कमी ल्याउने नीति अवलम्बन गरिनेछ ।मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरण गर्न सुत्केरी जाँच घरभेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८२. जेष्ठ नागरिकहरु प्रति सम्मान ब्यक्त गर्दै नसर्ने रोगहरुको दर घटाउनलाई जेष्ठ नागरिकहरुसँग जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरु घरभेट गरी स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८३. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन बीमाका सहजकर्ताहरुलाई प्रोत्साहन गर्ने, जनचेतना अभियान सन्चालन गर्ने र महिला स्वास्थ्य स्वयमसेविकाहरु तथाख बर्गका अपाङ्गहरुलाई ५०% बीमा प्रिमियमको व्यवस्था गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

८४. महिला समुदायिक स्वास्थ्यस्वयंसेविकाहरुलाई प्रोत्साहन गर्दै हाल प्रदान गरिरहेको सेवा सुबिधालाई निरन्तरता दिदै अध्ययन अबलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

८५. विद्यालयमा अध्ययनरत तथा विद्यालय बाहिर रहेका किशोरीहरुको पोषणको अवस्था पत्ता लगाई रोकथाम गर्न हेमोग्लोबिन तथा रक्त समूह परीक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ साथै विद्यार्थीहरुको आँखा, कान, नाक, घाँटी छाला परीक्षण तथा स्वास्थ्य पोषण सम्बन्धी लेखाजोखा गर्न घुम्ती नर्स कार्यक्रम संचालन गरिनेछ ।

८६. दुरदराजका बस्तीहरुमा विशेषज्ञ डाक्टरद्धारा सेवा र परामर्श प्रदान गर्न टेलिमेडिसिन कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।रेबिज रोग नियन्त्रण र यसबाट हुने मृत्युदर कम गर्न रेबिज विरुद्दको खोप निशुल्क प्रदान गरिनेछ ।

८७. जलवायु परिवर्तन तथा प्राकृतिक विपदले सिर्जना हुने मानवीय स्वास्थ्य समस्या समाधान गर्न विपद पुर्वतयारी र व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

८८. पछिल्लो समयमा बढदै गइरहेको मानसिक स्वास्थ्य समस्या र आत्महत्या न्यूनीकरण गर्नको लागि विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँगको समन्वयमा मनोसामाजिक परामर्श सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।

८९. शारीरिक तथा मानसिक रुपमा अशक्त परिवार र संरक्षण नपाएका जेष्ठ नागरिकको निशुल्क उपचार, सडक नागरिकको उद्धारका लागि मानव सेवा आश्रमसँगको समन्वयमा उद्धार एवं पारिवारिक पुनर्मिलनका कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।



खिम बहादुर रावत
अध्यक्ष

९०. सडक दुर्घटना न्यूनीकरण तथा पुनर्स्थापनाका लागि रासी राजमार्ग र लुहाम काम्रा अन्तर्गतको यस पालिका क्षेत्र भित्रमा जनचेतनामुलक होर्डिङ बोर्ड तथा आपतकालीन उद्धारका लागि आवश्यक व्यवस्था मिलाउने नीति अवलम्बन गरिने छ ।

९१. एच.आई.भी एड्स रोगको प्रकोप दर घटाउन सम्बन्धित संस्था तथा जोखिम समूहसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

खानेपानी तथा सरसफाई

९२. त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका खानेपानी मुहानहरुको पहिचान, अभिलेख, दर्ता संरक्षण तथा व्यवस्थापन गरिनेछ ।जसका लागि पालिका स्तरीय खानेपानी महासंघ निर्माण तथा सञ्चालनमा रहेका तर मुहान दर्ता नभएका खानेपानीहरुको मुहान दर्ता गरिनेछ ।

९३. पालिका क्षेत्रका खानेपानी आयोजनाहरुको शुद्धता परीक्षण गरिनेछ । सबै घरधुरीमा शुद्ध र गुणस्तरीय खानेपानी सेवा पुर्याउन संघ, प्रदेश सरकार, विकास साझेदारहरुसँग समन्वय गरी खानेपानी आयोजनाहरुको निर्माण मर्मत सम्भार तथा एक घर, एक धारा निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

९४. "ग्रिन एण्ड क्लिन" त्रिवेणी मूल नारालाई आत्मसाथ गर्दै त्रिवेणी गाउँपालिकामा उत्सर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापन गरी स्वच्छ एवं स्वस्थ वातावरणमा वाच्न पाउने नागरिकको मौलिक हक अधिकारलाई सुनिश्चित गरिनेछ ।

९५. त्रिवेणी गाउँपालिकालाई पुर्णरुपमा सरसफाइयुक्त वनाउनका निम्ति "सुन्दर र हराभरा त्रिवेणी गाउँपालिका, मेरो गाउँ आँफै सफा गर्ने प्रतिवद्धता"भन्ने नारालाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।साथै क्रमश: पुर्ण सरसफाईयुक्त वडा घोषणा गर्दै लगिनेछ ।

९६. फोहरको श्रोतमा वर्गीकरण गरी कुहिने फोहरवाट प्राङ्गारिक मल बनाउने तथा नकुहिने फोहरको उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।मरेका चौपायाहरुको तत्काल व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।फोहोर व्यवस्थापन तथा प्रशोधनका लागि उपयुक्त स्थान निर्धारण गरी पुर्वाधार निर्माण गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

**सामाजिक समावेशीकरण**

९७. त्रिवेणी गाउँपालिकाका दलित, जनजाती, मुस्लिम, अपाङ्ग, तथा महिलाहरुका लागि सम्मान तथा आय आर्जनका सिपहरु उपलब्ध गराई आत्मनिर्भर गराउने कार्यक्रम ल्याइनेछ ।

९८. लक्षित वर्गको स्रोत साधनमा पहुँच अभिवृद्धि गर्न क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९९. **"बाल अधिकार सबैको सरोकार"** भन्ने नारालाई आत्मसाथ गर्दै त्रिवेणी गाउँपालिकालाई बालश्रममुक्त, सडक बालबालिका र सडक मानवमुक्त पालिका स्थापनाका लागि आवश्यक कार्य गरिनेछ ।असहाय, अनाथ, बेवारिसे बालबालिकाहरुको संरक्षण तथा विशेष सुरक्षा प्रदान गर्न संघ, प्रदेश, गैरसरकारी क्षेत्र समेतको सहभागिता, समन्वय र सहकार्यलाई निरन्तरता दिदै पालिका क्षेत्रभित्रका अनाथ बालबालिकालाई अल्पकालीन संरक्षण गृहको निर्माण गरी वा सार्वजनिक विद्यालयमा उपलब्ध संरचनाको उपयोग गरी निशुल्क आवासको व्यवस्था गरिनेछ ।

१००. लैंगिक हिंसा विरुद्धका नीति नियमहरुको प्रभावकारी कार्यान्वयन र लैंगिक हिंसा विरुद्ध प्रभावकारी अभियानहरु सञ्चालन गरिनेछ ।

१०१. त्रिवेणी गाउँपालिकाको बजेट प्रणालीलाई लैंगिक उत्तरदायी बनाइनेछ ।

१०२. दलितहरुको हक, अधिकार र समानता स्थापनाका लागि दलित सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. लैंगिक हिंसामा परेका महिलाहरुको उपचार तथा पुनस्थापनाका लागि" उपाध्यक्ष महिला सुरक्षा आवास कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।पिडित तथा प्रभावितलाई सीप विकास तालिम, वस्तुगत सेवाका साथै आर्थिक राहत प्रदान गर्न आवश्यक कार्यविधि बनाइ व्यवस्थापन गरिनेछ ।

१०४. साठी वर्ष पुगेका सबै जेष्ठ नागरिक र अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिदै जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको संविधान प्रद्धत्त अधिकार प्रदान गराउन सहजीकरण गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

१०५. "जेष्ठ नागरिकलाई सम्मान, पालिकाको योगदान"अन्तर्गत ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको सम्मेलन गरिनेछ । जसमा जेष्ठ नागरिकलाई विशेषज्ञ डाक्टरद्वारा निःशुल्क चेक जाँच, आँखा उपचार तथा निःशुल्क मोतीबिन्दु शल्यक्रिया, कानको उपचार समेतको स्वास्थ्य जाँचको व्यवस्था गरी निःशुल्करुपमा औषधि उपचारको व्यवस्था मिलाइनेछ ।

१०६. आदिवासी जनजाति, दलित र अल्पसंख्यक समुदायले परम्परादेखि अवलम्वन गर्दै आएको पेशालाई आधुनिकीकरण, व्यवसायीकरण र प्रविधि हस्तान्तरण गर्दै उद्यमशील बनाई संरक्षण गरिनेछ ।

१०७. त्रिवेणी गाउँपालिकालाई अपांगमैत्री गाउँपालिकाको रुपमा विकास गरिनेछ । यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थासँगको सहकार्यमा शारीरिक रुपमा असक्षम नागरिकको उपचारको लागि विशेष शिविर सञ्चालन गरिनेछ ।

## कला संस्कृति

१०८. विभिन्न जातजातिका कला, संस्कृतिको खोज अनुसन्धान, पहिचान तथा संरक्षण गर्नका लागि विभिन्न शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरुसँग समन्वय गरिनेछ । जस अन्तर्गत सोरठी नाँच, सोरठीका भाका सम्बन्धमा डकुमेन्ट्री निर्माण गरिनेछ ।

१०९. परम्परागत वाजागाजा संरक्षण गर्न तथा महिला सशक्तिकरणलाई व्यवहारगत रुपमा कार्यान्वयन गर्नका लागि त्रिवेणी नौमती बाजा समूह गठन गरी आवश्यक तालिम र बाजाहरुको व्यवस्थापन गरिनेछ।

११०. स्थानीय कला साहित्य, संगीतको संरक्षण सम्वर्द्धनका साथै कलाकार तथा साहित्यकारहरुको प्रतिभा उजागर गर्नका लागि (लोकदोहोरी, गजल, कविता, स्थानीय पौराणिक नाँच) जस्ता विभिन्न प्रतियोगिताको आयोजना गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

१११. सामाजिक सुरक्षा तथा पञ्जीकरण प्रणालीलाई अनलाइन प्रणालीमा व्यवस्थित गर्न सबै वडाका सचिवहरुलाई पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

११२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण तथा आधुनिकीकरण गर्न सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

११३. व्यक्तिगत घटना दर्ताका पुराना अभिलेखहरुलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको व्यवस्था बमोजिम डिजिटाइजेशन गरी सूचना व्यवस्थापन प्रणालीमार्फत् सामाजिक सुरक्षा भत्ता प्रणालीलाई व्यवस्थित गरिनेछ ।

पुर्वाधार विकास

सडक, पुल, यातायात

११४. "दिगो सहर, सुव्यवस्थित पूर्वाधार"लाई मुर्तरुप दिन दिगो विकासका लक्ष्य अनूरुप सबै विषय र क्षेत्रका नीति तथा कार्यक्रम बीच अन्तर आवद्धता कायम गरिनेछ ।

११५. त्रिवेणी गाउँपालिकाभित्रका सबै सडकहरुलाई पालिका गौरवका सडक, कृषि सडक तथा शाखा सडकको रुपमा वर्गीकरण गरी सडक सम्बन्धी मापदण्ड निर्धारण तथा सडक गुरुयोजना निर्माण गरिनेछ ।

११६. नयाँ सडक निर्माण कार्यलाई न्यूनीकरण गर्दै पुराना निर्माण भएका सडकहरुको स्तरोन्नति गरी पक्की नाला सहितको सडक निर्माण गर्ने नीति लिइनेछ ।

११७. सडक निर्माण तथा स्तरोन्नति गर्दा अनिवार्य रुपमा ठेक्का मार्फत गर्ने नीति अवलम्वन गरिनेछ ।

११८. सडकको जोखिम संवेदनशिलताको आधारमा पहिरो तथा भुक्षय भइरहने सडकको छेउछाउमा बायो इन्जिनियरिङ गरिनेछ ।वातावरणमैत्री सडक निर्माण गर्नको लागि सडकको संरचना अनुसार दायाँ/ बायाँ वृक्षारोपण गरी हरित सौन्दर्यता विकास गरिनेछ ।

११९. त्रिवेणी गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन, वडा कार्यालयको प्रशासकीय भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट प्रशासनिक कार्यहरु गर्ने नीति लिइनेछ ।

१२०. गाउँपालिका गौरबका आयोजनाहरु छनोट गरी साना टुक्रे आयोजनामा रकम विनियोजन गर्ने प्रणालीलाई अन्त्य गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

१२१. त्रिवेणी गाउँपालिकालाई पुर्ण विद्युतीकरण गर्नका लागि नेपाल विद्युत प्राधिकरण तथा सामुदायिक विद्युत प्राधिकरण संग समन्वय गरिनेछ ।

१२२. त्रिवेणी गाउँपालिकाका सबै बस्तीहरुमा सञ्चार सुविधा उपलब्ध गराउन सम्बद्ध निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१२३. भौतिक संरचनाको मर्मत सम्भार गर्नको लागि मर्मत सम्भार कोषको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२४. सडक आवागमनमा सहजता कायम गर्न तथा नागरिकलाई आवागमनमा सहजता ल्याउन मोटरेबल पुल तथा झोलुङ्गे पुलको निर्माण कार्यको थालनी गरिनेछ ।

१२५. विभिन्न आयोजना सम्पन्न भए पश्चात सम्बन्धित टोल विकास समिति, उपभोक्ताहरुलाई आयोजना हस्तान्तरण गरी मर्मत सम्भारको जिम्मेवारी दिइनेछ ।

१२६. उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरु अन्तर्गत सिचाई कुलोमा १५ प्रतिशत, खानेपानीमा १५ प्रतिशत तथा भवन निर्माणमा १० प्रतिशत, ग्याविन तार जालीमा १० प्रतिशत, सडकको संरचना निर्माणमा १० प्रतिशतसम्म अनिवार्य रुपमा श्रमदान गर्नुपर्ने नीति लिइनेछ ।

१२७. त्रिवेणी गाउँपालिकाका विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोही अनुसार निर्माण कार्य गरिनेछ ।

१२८. पालिकाभित्रका सम्पुर्ण सडकहरु तत्काल मर्मत सम्भार गर्नको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

१२९. उज्यालो गाउँपालिका वनाउने नीति अनरुप गाउँपालिकाका मुख्य सडकहरु तथा आवासीय स्थानहरुमा सडक वत्ती तथा सिसी क्यामरा जडान गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

१३०. पालिकाभित्रका ग्रामीण कृषकहरुलाई बजारसँग प्रत्यक्ष रुपमा जोडनका लागि ग्रामीण कृषि मार्गको व्यवस्था गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष



CamScanner

१३१. सडक दुर्घटना न्यूनीकरणका लागि व्यवस्थित पार्किङ र सडकमा जथाभावी निर्माण सामाग्री तथा अन्य सामाग्री राखे कामलाई निरुत्साहित गर्दै ट्राफिक प्रहरी तथा नेपाल प्रहरी सँगको साझेदारीमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. संघीय सरकार, प्रदेश सरकार, अन्तरपालिका र गैरसरकारी संघ संस्था तथा विकास साझेदारसँग सहकार्य गरी सहलगानी, समपुरक र विशेष अनुदानमा आयोजना कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. गाउँपालिकामा सञ्चालन हुने आयोजनाको गुणस्तर मापन गर्न पूर्वाधार गुणस्तरमापन प्रयोगशाला स्थापना गरिनेछ ।

१३४. गाउँपालिका भित्रका विभिन्न आयोजनाहरु ठेक्का भै निर्माण गर्ने क्रममा समयमा काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कार र सम्मान गरिनेछ भने तोकिएको समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई कारवाही गर्ने नीति अवलम्वन गरिनेछ ।

<u>विद्युत तथा वैकल्पिक उर्जा</u>

१३५. त्रिवेणी गाउँपालिकालाई पुर्ण रुपमा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत प्राधिकरण तथा सामुदायिक विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ । त्रिवेणी गाउँपालिकाभित्र अव्यवस्थित रुपमा रहेका काठका पोलहरुलाई प्रतिस्थापन गरी व्यवस्थित बनाउनको लागि आवश्यक समन्वय गरिनेछ ।

१३६. उज्यालो गाउँपालिका बनाउने नीति अनरुप गाउँपालिकाका मुख्य सडकहरु तथा आवासीय स्थानहरुमा सडक बत्ती तथा सिसी क्यामरा जडान गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

१३७. अनविकरणीय उर्जा माथिको बढ्दो निर्भरतालाई न्यूनीकरण गर्न विद्युतीय चुल्हो वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

<u>आवास, भुउपयोग तथा बस्ती विकास</u>

१३८. त्रिवेणी गाउँपालिकामा नयाँ निर्माण, मर्मत सम्भार वा प्रबलीकरण गरिने भवनहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूल डिजाइनलाई प्रोत्साहन गर्न पालिकामा कार्यरत प्राविधिक कर्मचारी तथा दर्तावाला डिजाइनरलाई क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

१३९. त्रिवेणी गाउँपालिकामा नयाँ निर्माण हुने घरहरुलाई नक्सापासको मापदण्डभित्र ल्याइनेछ । नक्सापास नगरी घर बनाउने कार्यलाई निरुत्साहित गरिनेछ । नक्सापास नगर्ने घरधनीलाई पालिकाबाट उपलब्ध गराउने सेवा सुविधा साथै विद्युतको सिफारिस समेत कटौती गरिनेछ ।

१४०. विपन्न, दलित परिवारका लागि खरको छाना विस्थापित गर्न सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

<u>सूचना तथा सञ्चार प्रविधि</u>

१४१. सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

१४२. पालिकाबाट सञ्चालन हुने अनलाइन प्रणालीहरुबीच अन्तर आबद्धता कायम गरी सेवा उपलब्ध गराइनेछ । शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । पालिकाका सबै किसिमका गतिविधिहरु वेबसाइट, फेसबूक पेज तथा सूचना पाटी मार्फत सार्वजनिक गरिनेछ साथै लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिइनेछ ।

<u>उपभोक्ता हित संरक्षण</u>

१४३. त्रिवेणी गाउँपालिकाभित्र सञ्चालन हुने सबै किसमका उद्योग, व्यापार, व्यवसायलाई कानुन बमोजिम दर्ता गरिनेछ ।

१४४. उपभोग्य वस्त वा सेवाको गुणस्तर परिमाण एवं मुल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्ने तथा स्वच्छ, प्रतिस्पर्धी र स्वस्थ बजार निर्माण तथा प्रवर्द्धन गरी कालोबजारी पुर्णरुपमा नियन्त्रण गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

CamScanner

१४५. बजारमा मापदण्ड विपरीत संचालित व्यवसाय व्यवस्थापन, बजार क्षेत्रभित्र जेब्राक्रसको व्यवस्था, पार्किङ व्यवस्थापन, अटो व्यवस्थापन गरी बजारको सौन्दर्यता झल्काउनको साथै आर्थिक समृद्धिमा टेवा पुर्याइनेछ ।

१४६. खाद्य स्वच्छता तथा सम्प्रभुतामा आम नागरिको अधिकारको प्रत्याभुतिको लागि सरकारी तथा गैरसरकारी निकाय, सहकारी, टोल विकास समिति, विभिन्न फर्म, समुह सँगको समन्वय एवं सहकार्यमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>वन वातावरण तथा विपद् व्यवस्थापन</u>

१४७. सामुदायिक वनहरुमा क्रमिक रुपमा वन पैदावार र वन्यजन्तु संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । त्रिवेणी गाउँपालिका भित्रका सामुदायिक वनमा अत्याधिक मात्रामा रहेको सल्लाको बोटलाई क्रमशः प्रतिस्थापन गरी फलफुल जन्य तथा बहुमुल्य प्रजातिका विरुवाको वृक्षारोपन गरिनेछ ।

१४८. **"रुख रोपौं, वातावरण जोगाँउ"** भन्ने अभियानका साथ सार्वजनिक जग्गा, सामुदायिक वन, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४९. वातावरण संरक्षणका लागि प्लाष्टिक झोलाको सट्टा कपडा, जुट वा कागजको झोला उत्पादन, विक्री वितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५०. विपद् जोखिम व्यवस्थापनका लागि नीतिगत एवं संस्थागत निर्माण तथा सुदृढीकरण कार्यलाई निरन्तरता दिइने नीति अवलम्बन गरिने छ ।

१५१. रासी राजमार्ग लगायतका अन्य सडकहरुमा हुन सक्ने सम्भावित दुर्घटना, आगलागि, बाढी पहिरो जस्ता विपद् जन्य घटनाहरुवाट पर्न सक्ने अधिकतम क्षतिलाई न्युनीकरण गर्नको लागि त्रिवेणी गाउँपालिकामा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिनेछ । उक्त कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी ढंगले सञ्चालनका लागि मानव शंसाधन तथा उपकरणको व्यवस्थापन गरिने छ ।

१५२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सार्वजनिक, निजी, गैरसरकारी, सहकारी, छिमेकी पालिकाहरु, संघसंस्थाहरु, रेडक्रस, समुदाय बीच साझेदारी एवं सहकार्यलाई प्रवर्द्धन गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

१५३. वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार पूरा गरी वातावरणमैत्री टोल, वडा,पालिका निर्माण गर्ने नीति तथा कार्यको थालनी गरिनेछ ।वातावरणीय प्रदुषण नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५४.विपद व्यवस्थापनका लागि संस्थागत सक्षमता विकास कार्यलाई अगाडि बढाइने नीति अवलम्बन गरिने छ ।

१५५. व्यवसायिक क्षेत्र, आवासीय भवनहरुको साथै वनमा लाग्ने आगलागी जन्य जोखिम न्यूनीकरणका लागि नीजि क्षेत्र, सामुदायिक वन उपभोक्ता समिति, टोल विकास समितिसँगको सहकार्यमा आवश्यक उपकरणहरुको जानकारी सहित सचेतनामुलक कार्यक्रमहरु सञ्चालन तथा प्रशारण गरिनेछ ।वनमा लाग्ने आगलागि न्यूनीकरणका लागि सामुदायिक वन उपभोक्ता समितिहरु बीचमा प्रतिस्पर्धात्मक भावना विकास गरी आगलागी हुन नदिने वन समितिलाई प्रोत्साहन प्रदान गरिनेछ ।

१५६. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिनेछ। विपद व्यवस्थापन कोषको व्यवस्था गरि पूर्व तयारी खोज, उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र पुनस्थापनालाई प्रभावकारी बनाइनेछ ।

१५७. विपद तथा जोखिममा परेका महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिकलाई खोज तथा उद्धार, राहत सामाग्रीको वितरण तथा पुनस्थापनामा प्राथमिकता दिइने छ ।

<u>भुमि व्यवस्थापन</u>

१५८. त्रिवेणी गाउँपालिकाभित्र रहेका भुमिहीन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको संकलित लगत अनुसार लालपूर्जा निर्माण र वितरणको कार्यका लागि राष्ट्रिय भूमि आयोगसँगको समन्वयमा कार्य सञ्चालन गरिनेछ ।

१५९. भु- उपयोग योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

<u>संस्थागत विकास तथा सुशासन</u>

खिम बहादुर रावत
अध्यक्ष

१६०. "गाउँपालिकावासीको चाहना, सुशासनयुक्त गाउँपालिकाको स्थापना"का लागि गाउँपालिकामा सुशासन, पार्दर्शीता, जवाफदेहिता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, लैङ्गिक उत्तरदायी परीक्षणतथा तेश्रो पक्षको मुल्याङ्कन लगायतका विविध विधिको अवलम्वन गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

१६१. सबै टोल विकास समितिलाई सक्रिय र गतिशील बनाई वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा सार्वजनिक गर्ने प्रवन्ध मिलाइनेछ ।

१६२. गाउँपालिकाका सबै कर्मचारीको कार्यविवरण बनाई लागु गरिनेछ । सबै कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरिनेछ र यसलाई कार्यसम्पादन मुल्याकंनको आधार बनाइनेछ । कर्मचारीको कार्यव्यवहार, सेवामा प्रतिवद्धता एंव कटिवद्धता तथाआफ्नै पहलमा गरिएका सुधारका कार्य समेतका आधारमा वार्षिक रुपम सर्वोत्कृष्ट तथा उत्कृष्ट कर्मचारी छनोट गरी पुरस्कृत गरिनेछ ।

१६३. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमतामा अभिवृद्धि गरी सार्वजनिक सेवाको गुणस्तरमा सुधार गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

१६४. कार्यालयको अभिलेख व्यवस्थापनमा सुधार र सूचना प्रविधिको प्रयोगमा विस्तार गरी संस्थागत क्षमताको अभिबृद्धि गरिनेछ ।

१६५. नगर प्रहरी परिचालन गरी वजार व्यवस्थापन, शान्ति सुरक्षा र राजश्व संकलनमा अभिवृद्धि गरिनेछ ।

१६६. अन्तरपालिकाका असल अभ्यासहरु आदान प्रदान गर्न तथा संस्थागत क्षमता अभिबृद्धि गर्न कर्मचारीहरुलाई स्थलगत अध्ययनमा खटाइ कार्यसम्पादन स्तरमा सुदृढ गर्न प्रोत्साहित गरिनेछ ।

१६७. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा अवलम्वन गरिने प्रक्रिया सरलीकरण गरिनेछ । सेवा प्रवाहका लागि आवश्यक पर्ने निवेदन लगायतका कागजात तथा प्रक्रियागत सहजीकरण गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष

**आर्थिक प्रशासन**

१६८. आर्थिक अनुशासनलाई सुदृढ बनाई सुशासनको आयामलाई प्रभावकारी बनाउन चालु खर्च क्रमसः कटौती गर्दै पूंजीगत खर्चमा वृद्धि गरिनेछ ।

१६९. आयोजनाको भुक्तानी पुर्व सार्वजनिक भुक्तानी दावी विरोधको सूचना प्रवाह गरिनेछ । आयोजना हस्तान्तरणको विवरण प्राप्त नभई आयोजनाको भुक्तानी नगरिने नीति अवलम्वन गरिने छ ।

१७०. भुक्तानी प्रणालीलाई प्रविधिमैत्री बनाई (EFT) प्रणालीसँग आवद्ध गरिनेछ ।

**कानुनी मामिला तथा न्यायिक समिति**

१७१. त्रिवेणी गाउँपालिकामा दर्ता हुने विवादहरुलाई छलफल, वार्ता आदिको माध्यमबाट आपसी समझदारी, मेलमिलापको विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रहि समाधान गरी न्याय प्रणालीलाई स्वतन्त्र, पहुँचयोग्य, विश्वसनीय, सक्षम एवं निष्पक्ष बनाइनेछ साथै न्यायिक समितिको अभिलेख र प्रतिवेदनलाई व्यवस्थित गरिनेछ ।

१७२. सबै वडा कार्यालयमा गठन भएका मेलमिलाप केन्द्रहरुको माध्यमबाट मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडांस्तरमै निरुपण गर्ने कानुनी प्रावधानलाई थप प्रभावकारी वनाइनेछ ।

१७३. त्रिवेणी गाउँपालिकाका ऐन, नियम, नियमावली, कार्यविधि आदि समेटी एकीकृत किताब प्रकाशन गरिनेछ र नियमित रुपमा राजपत्र प्रकाशन गरिनेछ ।

१७४. न्यायिक समितिले सम्पादन गरेका कार्यहरुको दस्तावेजीकरण गरी वार्षिक रुपमा सार्वजनिक गरिनेछ ।

१७५. सहयोगापेक्षी हिंसापीडितका लागि राहत कोषको स्थापना गरी तालिम तथा राहत प्रदान गरिनेछ ।

**राजश्व परिचालन**

१७६. त्रिवेणी गाउँपालिकाको आन्तरिक आम्दानीमा वृद्धि गर्न राजश्वको दायरामा वृद्धि गरी दरमा यथावत कायम गरिनेछ ।

खिम बहादुर रावत
अध्यक्ष



CamScanner

१७७. व्यवसायकर संकलनका लागि राजश्व शाखाको संयोजकत्वमा घुम्ती टोली परिचालन गरिनेछ ।वार्षिक रुपमा पालिकामा राजश्व बुझाउने व्यवसायीहरुको अभिलेख राखि सबैभन्दा बढी राजश्व दाखिला गर्ने व्यवसायीलाई उत्कृष्ट व्यवसायीको रुपमा प्रोत्साहित गरिनेछ ।

१७८. " तिरौ कर, बनाऔं विकसित सहर" भन्ने नाराका साथ प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा विस्तार, कानुन बमोजिम तोकिएकोकर राजस्व रोयल्टी, बिक्री तथा निकासी र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

१७९. त्रिवेणी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनालाई प्रभावकारीरुपमा लागु गरिनेछ ।

१८०. राजश्व संकलनका लागि वडास्तरमै सुत्र प्रणालीको अवलम्वन गरिनेछ ।

<u>आन्तरिक व्यवस्थापन तथा खरीद</u>

१८१. संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्था वा व्यक्तिबाट प्राप्त भई पालिकाको स्वामित्वमा रहेका भवन, जग्गा, उद्यान आदि संरचना एवं सम्पत्तिको यथार्थ अभिलेख तयार गरी पूर्वाधार सम्पतिको रुपमा राखिनेछ ।

१८२. आर्थिक वर्षको शुरु दुई महिनाभित्र पालिकाका लागि वर्षभरिमा आवश्यक पर्ने फर्निचर, फिक्चर्स, मेशिनरी औजार र अन्य कार्यालय सामाग्रीहरुको आवश्यकता पहिचान गरी वार्षिक खरिद योजना तयार गरी सोही अनुसार खरिद प्रक्रियाको कार्यलाई अगाडि बढाइनेछ ।

१८३. पालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगायत पालिकाको स्वामित्वमा रहेका सम्पुर्ण संघसंस्थाको भौतिक सम्पतिको अवस्थालाई जिन्सी निरीक्षण गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

गाउँसभा सदस्य ज्यूहरु,

अन्त्यमा,

यस नीति तथा कार्यक्रमले संस्कृतिक सम्पदाको संरक्षण, विपद व्यवस्थापन, पूर्वाधार निर्माण हरियाली सहितको वातावरण संरक्षण, लक्षित वर्गको आयआर्जन तथा रोजगारी सिर्जना मार्फत जीवनस्तर सुधार, सेवा प्रवाहमा जवाफदेहिता र सुशासन कायम गर्न सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएको छु । समृद्ध त्रिवेणी गाउँपालिका निर्माणको यो यात्रामा निजी क्षेत्र,



खिम बहादुर रावत

विद्धतवर्ग,सबै क्रियाशील राजनैतिक दलहरु, नागरिक समाज र समग्र त्रिवेणीवासीमा हार्दिक आभार व्यक्त गर्दै सहकार्य र सदभावका लागि सबैको सहयोगको अपेक्षा गर्दछु । यस पन्ध्रौं अधिवेशनमा प्रस्तुत हुने नीति, कार्यक्रम र बजेटका सम्बन्धमा महत्वपुर्ण राय सल्लाह उपलब्ध गराउने राजनैतिक दल र यस गाउँपालिका अन्तर्गतका पुर्व जनप्रतिनिधि ज्युहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यो नीति तथा कार्यक्रम र यस नीति बमोजिम संविधानले परिलक्षित गरेको समय सीमाभित्र नै प्रस्तुत हुने बजेट तथा कार्यक्रमको कार्यान्वयनमा विगतमा झै सबै जनप्रतिनिधिहरु, कर्मचारीहरु, सुरक्षाकर्मी, विभिन्न संघ संस्था तथा सरोकारवाला निकायहरु र सम्पुर्ण गाउँपालिकावासीहरुको सहयोग, सहकार्य एवं अपनत्व रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

खिम बहादुर रावत
अध्यक्ष

**आ.ब. २०८१/०८२ को बजेट वक्तव्य,**

सभा अध्यक्ष ज्यू ,

नेपालको संविधानको धारा २३० बमोजिम त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि भएका आन्दोलन तथा शासन प्रणालीको परिवर्तनका खातिर भएका विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सहिद परिवार, विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु ।

मानव विकास सूचकाङ्क, भौतिक पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी, अवसर, पहुँच र स्रोतबाट पछि परेको त्रिवेणी गाउँपालिकाको विकासमा यो बजेटले उत्प्रेरकको भूमिका खेल्ने विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा नेपाल सरकारको पन्ध्रौं योजना, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजना तथा त्रिवेणी गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजनाबाट प्राप्त उपलब्धी र अनुभव, नेपाल सरकारको स्रोह्रौं योजना र कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको रणनीतिक सोच, नेपाल सरकारको दिगो विकास लक्ष्य, समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच तथा विनियोजन विधेयक, २०८१ का सिद्धान्त, उदेश्य, प्राथमिकता र प्रमुख नीतिहरु माथि गाउँसभा सदस्यहरुबाट प्राप्त सुझाव एवं त्रिवेणी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमलाई प्रमुख आधारको रुपमा लिएको छु ।

**सभाध्यक्ष महोदय,**

१. "सफा, हराभरा, सुन्दर शान्त त्रिवेणी गाउँपालिका, सुशासन सहभागिता दिगो विकास समृद्धी र समतामुलक समाज निर्माणमा हाम्रो प्रतिवद्धता" भन्ने मूल ध्ययेका साथ आर्थिक समृद्धि, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सृजना र उद्यमशीलता विकास गरी "समृद्ध त्रिवेणी गाउँपालिका, सुखी र सक्षम त्रिवेणी बासी" दीर्घकालीन सोच कार्यान्वयन गर्न आगामी वर्षको बजेट केन्द्रित हुनेछ ।

२. गरिबी, बेरोजगारी न्यून उत्पादन र उत्पादकत्व कमजोर र अपर्याप्त पूर्वाधार, परनिर्भरता र पछौटेपन जस्ता दुष्चक्रलाई दिगो रुपमा तोड्न सघाउ पुग्ने गरी बजेट तथा कार्यक्रमहरू निर्माण गरेको छु ।

३. सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्र समेतको सहयोग र सहभागितामा त्रिवेणी गाउँपालिकाको आर्थिक क्रियाकलाप तथा व्यावसायिक गतिविधिहरूमा विस्तार गरी पालिकाको

खिम बहादुर रावत
अध्यक्ष



CamScanner

अर्थतन्त्रलाई चलायमान गराइ समग्र पालिकाको विकास र समृद्धिमा टेवा पुयाउने अवधारणाबाट बजेट निर्माण गरेको छु ।

सभाध्यक्ष महोदय,

"स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिबद्धता" भन्ने मान्यतालाई आत्मसाथ गर्दै आगामी आर्थिक वर्षको कार्यदिशा स्पष्ट हुने गरी बजेटका सात उद्देश्य, सात प्राथमिकता र सात प्रमुख रणनीतिक क्षेत्र प्रस्तुत गर्ने अनुमति चाहन्छु।

बजेटका सात उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरी पालिकाको उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमार्फत आर्थिक वृद्धि गर्नु,

(ख) तहगत सरकार विचको सहकार्य एवम् निजी क्षेत्र समेतको सहभागितामा पालिकाको अर्थतन्त्रको विकास र विस्तार गर्नु,

(ग) साधन स्रोतको सन्तुलित र समन्यायिक तवरले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरणमा जोड दिनु.

(घ) सामाजिक सशक्तीकरण, मूलप्रवाहीकरण तथा वितरणात्मक न्यायमार्फत् सामाजिक न्याय कायम गर्नु.

(ङ) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवामा गाउँपालिका बासीको समान, सरल र सुलभ पहुँच स्थापित गर्नु.

(च) दिगो, गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधारको विकास गर्नु.

(छ) गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रभावकारी तुल्याउनु।

बजेटका सात प्राथमिकताहरू देहाय बमोजिम तय गरेको छुः

(क) शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,

(ख) स्वस्थ, सक्षम र संस्कारयुक्त मानव संशाधन विकास,

(ग) उत्पादनशील र रोजगारमूलक क्षेत्रको विकास.

(घ) तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान, विकास र उपयोग.

(ङ) उपयोगी, लाभदायक र प्रतिफलयुक्त क्षेत्रमा सरकारी लगानी प्रवाह.

(च) संस्थागत सुशासन कायम र सेवा प्रवाहमा सुधार,

खिम बहादुर रावत
अध्यक्ष

(छ) कृषि, वन, उद्योग, पर्यटन र सूचना प्रविधिको विकास गरी रोजगारी सिर्जना ।

अब म बजेटका प्रमुख सात रणनीतिक क्षेत्र प्रस्तुत गर्दछु:

(क) सार्वजनिक खर्चमा मितव्ययिताकार्यदक्षता र प्रभावकारीता बढाइ उपलब्धि र प्रतिफलसँग आवद्ध गर्ने,

(ख) प्रशासनिक संरचनालाई चुस्त, प्रविधिमैत्री, उत्तरदायी र जनमुखी तुल्याउने,

(ग) नवप्रवर्तन र उद्यमशीलता विकासमा जोड दिने.

(घ) सम्भाव्य आन्तरिक स्रोतको पहिचान, प्रक्षेपण र परिचालन बढाउने.

(ङ) स्रोत साधनको विनियोजनमा कुशलता र कार्यान्वयनमा दक्षता कायम गर्ने.

(च) अनावश्यक र फजुल खर्च माथि कडाइका साथ नियन्त्रण गर्ने.

(छ) प्रशासनिक संयन्त्रलाई नतिजामूलक तुल्याउन कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली अवलम्वन गर्ने ।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु ।

१. ११९.१ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकाको जनसङ्ख्या १२ औं जनगणना अनुसार १६ हजार ६ सय २४ जना रहेको छ ।

२. त्रिवेणी गाउँपलिकाको गत वर्षको कुल वजेट ४४ करोड ४९ लाख प्रस्तुत भएको थियो। बजेटको संरचना हेर्दा चालुतर्फ ६५ प्रतिशत र पुँजीगततर्फ ३५ प्रतिशत विनियोजन भएकोमा २०८१ जेठ मसान्त सम्म सो विनियोजनको चालुतर्फ ६४.२७ प्रतिशत र पुँजीगततर्फ ४७.४७ प्रतिशत खर्च भई समग्रमा ५८.३८ प्रतिशत खर्च भएको छ।

३. सामुदायिक विद्यालयहरुमा रुम टु रिड संगको सहकार्यमा बालमैत्री बसाई व्यवस्थापन तथा बालमैत्री पुस्तकालय निर्माण गरी सञ्चालन गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार निर्माण, घेरबार, मर्मत सम्भार, भित्ते लेखन, रङरोगन आदिको माध्यमवाट उपयुक्त शैक्षिक वातावरणको विकास गरिएको छ ।

४. गाउँपालिका भित्र २१ स्थानमा २ सय ५ पटक गाउँघर क्लिनिक संचालन गरी ३ हजार ७ सय ३२ जना र २५ स्थानमा २ सय ५० पटक खोप क्लिनीक संचालन गरी २ हजार ४२ जना गरी जम्मा ५ हजार ७ सय ७४ जनालाई खोप सेवा दिइएको छ ।

खिम बहादुर रावत

५. सुत्केरी हुन आउनेहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ गर्भवती महिलाहरुलाई निशुल्क अल्ट्रासाउन्ड कार्यक्रम प्रदान गरिएको छ ।

६. पशु स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत १३ हजार ६ सय १२ पशुपन्छीलाई निशुल्क उपचार तथा औषधि वितरण गरिएको छ ।कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तर्गत रु १ करोड ३७ लाख २२ हजार रकम बराबरको खसी निर्यात गरिएको छ ।

७. महिला, वालवालिका, दलित, जनजाती, मुस्लिम, अपांगता भएका तथा लक्षीत वर्गका सञ्जालहरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । सहकारीलाई लेखा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको छ ।विशेष किसिमका क्षमता भएका व्यक्तिहरुका लागि सहायता सामाग्री प्रदान गरिएको छ । लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्य सम्पन्न गरिएको छ ।

८. गाउँपालिकाको प्रशासकिय भवनको ७० प्रतिशत कार्य सम्पन्न भएको छ भने १० शैंया अस्पतालको ४० प्रतिशत कार्य भएको छ ।

९. गाउँपालिका गौरवका आयोजनाहरु अन्तर्गत लुहाम फलाबाङ मखनटाकुरी सडक, कोलचौर खोला कोलचौर खज्जर अनरुद्र हुँदै दाङ जोड्ने सडक, सल्लेखोला सिम्क पिपलबोट सडक, लुहाम पोखरीज्यूला ढोरचौर सडकको स्तरोन्नतिको कार्य भै रहेको छ ।६ नं. वडा कार्यालयको प्रशासनिक भवन, ५ नं. वडा कार्यालयको प्रशासनिक भवनको कार्य सम्पन्न भएको छ ।

१०. खज्जर लिफ्ट खानेपानी आयोजना, राजागिठी लिफ्ट खानेपानी आयोजनाको कार्य सम्पन्न भएको छ ।चालु आर्थिक वर्षमा निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरु मध्येबाट कुल १ सय ६१ वटा एक घर एक धारा हुने गरी खानेपानी संरचनाको विस्तार भएको छ ।

११. खेति योग्य जमिनहरुमा १० किलो मिटर सिचाई सुविधा उपलब्ध गराइएको छ, जसबाट ५हेक्टर क्षेत्रफल जमिन सिच्चित गर्न सकिने अवस्था रहेको छ, नयाँ सडक ट्रयाक ओपन गर्ने कार्य अन्तर्गत ४ किलो मिटर कच्ची सडक सुविधा उपलब्ध गराइएको साथै करिव ११ किलो मिटर कच्ची सडकको स्तरोन्नति गरिएको छ ।१ वटा विद्यालय भवनमा तला थप गरिएको छ।

१२. चालु आ.व. मा पचास वटा नयाँ व्यवसाय र ७ वटा नयाँ उद्योग दर्ता भएको साथै ३ वटा उद्योगहरुको अभिलेखिकरण गरिएको छ।

खिम बहादुर रावत
अध्यक्ष

१३. पोषण सुधार कार्यक्रम अन्तर्गत ९ सय जना सुनौला हजार दिनका आमाहरुलाई पोषिलो तरकारीका विउहरु साथै सिचाईका लागि प्लाष्टिक हजारीहरु, ३ हजार २ सय वटा कुखुरा तथा पोषिलो पिठो वितरण गरिएको साथै पोषण शिविर सञ्चालन गरी वृहत पोषण लेखाजोखा शिविर सम्पन्न गरी त्रिवेणी गाउँपालिकाको पोषण प्रोफाइल निर्माण गरिएको छ।

१४. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ सय ६० जनालाई रोजगारी प्रदान गरिएको छ ।वैदेशिक रोजगारको लागि पुन: श्रम स्वीकृति प्रदान गर्ने कार्य सुचारु भई २० जना व्यक्तिलाई श्रम स्वीकृति प्रदान गरिएको छ ।

१५. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा इ हाजिरीको व्यवस्था गरिएको छ, आयोजनाहरुमा हुने अनियमितता रोक्न भुक्तानी दावी विरोधको सूचना प्रकाशन गर्ने गरिएको छ,

१६. सडक निर्माण तथा अन्य पूर्वाधार निर्माण, स्टेशनरी खरिद, औषधि खरिद, मेशिनरी औजार खरिद, जस्ता कार्य इ विडिङ मार्फत गरिएको छ।

१७. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन त्रिवेणी स्वास्थ्य चौकीमा एम.वि.वि.एस. डाक्टर, औषधि उपकरण, ल्याव सामाग्रीको व्यवस्था सहित विशेषज्ञ सेवा प्रदान गर्ने कार्य गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब, म आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक विकास

१. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र विविधिकरण गर्नको लागि कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरेको छु । खसी बोकाको उत्पादनमा वृद्धि गर्न प्रति के जी रु २० का दरले प्रदान गर्दै आएको अनुदानलाई निरन्तरता प्रदान गरेको छु ।

२. पशुपन्छीसँग सम्बन्धित सम्भावित महामारी रोग नियन्त्रणको लागि खोप अभियान, पशु स्वास्थ्य शिविर समेतका कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

खिम बहादुर रावत
अध्यक्ष

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

३. कृषि तथा पशुपन्छीपालनमा हुने जोखिम न्यूनीकरण गरि कृषकहरुलाई बिमामा आकर्षण गर्नको लागि कृषि तथा पशुपन्छी बीमा प्रिमियममा ५०% अनुदान तथा गाईको संरक्षण तथा प्रवर्द्धनको लागी सत प्रतिशत अनुदानको व्यवस्था गरेको छु ।

४. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसायिक, प्रतिस्पर्धी र मर्यादित पेशाको रुपमा विकास गर्नको लागि गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५. माटो परीक्षण तथा उपचार, कृषि यान्त्रीकरण, मल बीउमा अनुदान, सिंचाई सुविधाको उपलब्धता, उत्पादन संकलन तथा बजारीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६. घट्दो जलस्रोतको अवस्थालाई दृष्टिगत गरी वाटर रिचार्जका जलाशय तथा पोखरी निर्माण गरी बहुआयमिक उपयोग साथै "एक वडा एक रिचार्ज पोखरी" निर्माण कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७. सिचाई सुविधा पुग्न नसकेका कृषि योग्य क्षेत्रहरु सिञ्चित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८. उद्यमशीलता मार्फत रोजगारी र उत्पादनमा वृद्धि गर्न मेडपा कार्यक्रम अन्तर्गत नयाँ र पुराना उद्यमिहरुको क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९. समुह तथा सहकारीको माध्यमबाट सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने सेनेटरी प्याड स्थानीय स्तरमा नै उत्पादन गर्नको लागि अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१०. सहकारीलाई क्रियाशिल र सक्षम बनाउन उपयुक्त क्षमता विकास तालिमका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

११. त्रिवेणी गाउँपालिकाको सदरमुकाममा रहेको त्रिवेणी तीर्थशालाधाम साथै गैरासल्ले, फलाबाङ, सापमारा, शिद्धगुफा तथा गैरिकटेरीमा पर्यटकीय पूर्वाधारको विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु

खिम बहादुर रावत
अध्यक्ष



CamScanner

साथै उक्त स्थानहरुमा नागरिकहरुसँगको समन्वय तथा सहकार्यमा होमस्टे निर्माण गर्ने अभियानलाई निरन्तरता प्रदान गरेको छ ।

१२. आर्थिक विकासका क्षेत्र अन्तर्गत माथि उल्लेखित योजना तथा कार्यक्रम सञ्चालन गर्न रु १ करोड ४५ लाख १५ हजार रकम विनियोजन गरेको छ ।

**प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम**

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त रकमलाई प्रभावकारी बनाउन पालिकाबाट विनियोजन भएका योजनाहरुसँग साझेदारी गर्ने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

१४. तिनरुख तथा उत्तिसेघारीखेत सिचाई कुलो निर्माण आयोजना वडा नं.१, ठुलाखोला घरेली तिर्से खानेपानी निर्माण आयोजना वडा नं. २, हात्तिढुङ्गा घुसुल्ला गैरीखेत हुँदै दाम्कासम्म सिचाई कुलो निर्माण आयोजना वडा नं. ३, तल्लो डाँडा बार्ने गैरामैने सिचाईकुलो निर्माण आयोजना वडा नं. ४, आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन सिम्क तला थप वडा नं. ५,चण्डेश्वरी आ. वि. को दोस्रो तला थप वडा नं. ६ समेतको लागी ९० लाख रुपैंया बजेटको व्यवस्था गरेको छ ।

**सामाजिक विकास**

१५. सामुदायिक विद्यालयका भौतिक पूर्वाधारहरु भवन, शौचालय, पुस्तकालय, कम्प्युटर ल्याब, खेलकुद मैदान, विद्यालय घेरबार, रंगरोगन, बालमैत्री फर्निचर, विज्ञान प्रयोगशालाको निर्माण, मर्मत सम्भार, थप सामाग्रीको व्यवस्था तथा स्तरोन्नतिको कार्यको लागि आवश्यक रकमको व्यवस्था गरेको छ ।

१६. "सामुदायिक विद्यालयमा अध्ययनरत अभिभावक विहिन, टुहुरा, अनाथ, सडक बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न **अध्यक्ष छात्रवृत्ति कार्यक्रम**को लागी आवश्यक बजेटको व्यवस्था गरेको छ ।

१७. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नको लागि पालिकाबाट करारमा पदपुर्ति गरिएका स्वंयसेवक शिक्षकलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छ ।

१८. कक्षा ८ देखि १० कक्षा सम्मका विद्यार्थीहरुलाई लक्षित गरी वृत्ति मार्ग निर्देशन ( Career Council) कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि विभिन्न क्षेत्रमा ख्याति प्राप्त विज्ञहरुलाई आमन्त्रण गरी अतिथि कक्षा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

खिम बहादुर रावत
अध्यक्ष

१९. सामुदायिक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन साथै इ-हाजिरीलाई अनिवार्य गर्नआवश्यक बजेटको व्यवस्था मिलाएको छु।

२०. सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइमा प्रतिष्पर्धा अभिवृद्धि गर्न वर्ष उत्कृष्ट विद्यालय, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समिति, कर्मचारी र अभिभावक घोषणा गरी प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

२१. सामुदायिक विद्यालयमा छात्राहरुलाई महिनावारी हुँदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने प्रवृत्तिलाई निरुत्साहित गर्न र छात्रा उपस्थिति दर बढाउन पालिकाले नि:शुल्क सेनेटरी प्याड वितरण कार्यलाई यस वर्ष पनि निरन्तरता प्रदान गरेको छु ।

२२. "स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२३. त्रिवेणी स्वास्थ्य चौकीलाई आधारभुत अस्पतालमा स्तरोन्नति गर्दै गुणस्तरीय, सर्वसुलभ उपचारात्मक तथा निदानात्मक सेवा लगायत विशेषज्ञ उपचार प्रदान गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२४. महिला स्वास्थ्य स्वयमसेविकाहरु तथा ख बर्गका अपाङ्गहरुलाई ५०% बीमा प्रिमियमको व्यवस्था गर्ने कार्यलाई निरन्तरता प्रदान गरेको छु ।

२५. शारीरिक तथा मानसिक रुपमा अशक्त परिवार र संरक्षण नपाएका जेष्ठ नागरिकको निशुल्क उपचार, सडक नागरिकको उद्धारका लागि मानव सेवा आश्रमसँगको समन्वयमा उद्धार एवं पारिवारिक पुनर्मिलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२६. एच.आई.भी एड्स रोगको प्रकोप दर घटाउन सम्बन्धित संस्था तथा जोखिम समूहसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाएको छु ।

खिम बहादुर रावत
अध्यक्ष

२७. खानेपानी आयोजनाहरुको निर्माण, मर्मत सम्भार गरी एक घर, एक धाराको माध्यमबाट सबै घरधुरीमा शुद्ध र गुणस्तरीय खानेपानी सेवा पुर्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

२८. त्रिवेणी गाउँपालिका भित्रका दलित, जनजाती, मुस्लिम, अपाङ्ग, तथा महिलाहरुका लागि सम्मान तथा आय आर्जनका सिपहरु उपलब्ध गराई आत्मनिर्भर गराउनको लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

२९. "जेष्ठ नागरिकलाई सम्मान, पालिकाको योगदान" अन्तर्गत ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको सम्मेलन गरिनेछ । जसमा जेष्ठ नागरिकलाई विशेषज्ञ डाक्टरद्वारा निःशुल्क चेक जाँच, आँखा उपचार तथा निःशुल्क मोतीविन्दु शल्यक्रिया, कानको उपचार समेतको स्वास्थ्य जाँचको व्यवस्था गरी निःशुल्करुपमा औषधि उपचारको व्यवस्था मिलाइनेछ ।जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३०. परम्परागत बाजागाजा संरक्षण गर्न तथा महिला सशक्तिकरणलाई व्यवहारगत रुपमा कार्यान्वयन गर्नका लागि त्रिवेणी नौमती बाजा समूह गठन गरी आवश्यक तालिम र बाजाहरुको व्यवस्थापन गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

३१. सामाजिक विकास क्षेत्रका माथी उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न १८ करोड ८० लाख १३ हजार रुपैया विनियोजन गरेको छु ।

**पूर्वाधार विकास**

३२. कोलचौर खोला, कोलचौर खज्जर अनरुद्र हुँदै दाङ जोडने सडक निर्माण आयोजनाको लागि रु २ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

३३. त्रिवेणी गाउँपालिकाका सबै वडा कार्यालयहरु आफ्नै भवनमा सञ्चालन गर्ने लक्ष्य अनरुप वडा नं. ३ को वडा कार्यालय भवन निर्माणका लागि रु.२५ लाख रकम विनियोजन गरेको छु साथै वडा नं. २ को वडा कार्यालयको फिल्ड निर्माणका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

३४. त्रिवेणी वहुउदेश्यीय हलको लागि २५ लाख रकम विनियोजन गरेको छु ।

३५. त्रिवेणी गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन सम्पन्न गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

खिम बहादुर रावत
अध्यक्ष

३६. त्रिवेणी गाउँपालिकाका विभिन्न स्थानहरुमा कृषि सडक, ग्रामिण सडक निर्माण गर्न तथा सडकको स्तरोन्नतिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३७. सामुदायिक विद्यालयहरुमा शैक्षिक वातावरण निर्माण गर्नको लागि बसाई व्यवस्थापन, कम्पाउण्ड, शौचालय तथा भवन निर्माण समेतका कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३८. त्रिवेणी गाउँपालिका क्षेत्रको भौतिक विकासका लागि विभिन्न आयोजनाको संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरि प्रदेश तथा संघमा पठाउन योजना बैंकमा राख्ने व्यवस्था मिलाएको छु ।

३९. वर्षातको कारण बिग्रेका सडकहरुको मर्मत सम्भार गर्नको लागी रु ३० लाख बजेटको व्यवस्था गरेको छु ।

४०. त्रिवेणी गाउँपालिकामा नयाँ निर्माण हुने घरहरुलाई नक्सापासको मापदण्डभित्र ल्याउन, आवश्यक व्यवस्था मिलाइएको छ ।

४१. पुर्वाधार विकास अन्तर्गतका विभिन्न आयोजना कार्यान्वयन गर्नको लागि ९ करोड ७८ लाख ९६ हजार रकम विनियोजन गरेको छु ।

<u>सूचना तथा सञ्चार प्रविधि</u>

४२. शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४३. पालिकाबाट सञ्चालन हुने अनलाइन प्रणालीहरुबीच अन्तर आबद्धता कायम गरी सेवा उपलब्ध गराउन तथा सबै किसिमका गतिविधिहरु वेबसाइट, फेसबूक पेज तथा सूचना पाटी मार्फत सार्वजनिक गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

<u>उपभोक्ता हित संरक्षण</u>

४४. त्रिवेणी गाउँपालिकाभित्र सञ्चालन हुने सबै किसमका उद्योग, व्यापार, व्यवसायलाई कानुन बमोजिम दर्ता गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

खिम बहादुर रावत
अध्यक्ष

४५. उपभोग्य वस्त वा सेवाको गुणस्तर परिमाण एवं मुल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्ने तथा स्वच्छ, प्रतिस्पर्धी र स्वस्थ बजार निर्माण तथा प्रवर्द्धन गरी कालोबजारी पुर्णरुपमा नियन्त्रण गर्न बजार अनुगमनको व्यवस्था मिलाएको छ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

४६. "रुख रोपौं, वातावरण जोगाँउ " भन्ने अभियानका साथ सार्वजनिक जग्गा, सामुदायिक वन, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

४७. रासी राजमार्ग लगायतका अन्य सडकहरुमा हुन सक्ने सम्भावित दुर्घटना, आगलागि, बाढी पहिरो जस्ता विपद् जन्य घटनाहरुबाट पर्न सक्ने अधिकतम क्षतिलाई न्युनीकरण गर्नको लागि त्रिवेणी गाउँपालिकामा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिनेछ ।उक्त कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी ढंगले सञ्चालनका लागि मानव शंसाधन तथा उपकरणको व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

४८. विपद पूर्व तयारी खोज, उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र पुनस्थापनालाई प्रभावकारी बनाउनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छ ।

**संस्थागत विकास तथा सुशासन**

४९. कार्यालयको संस्थागत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गरिएको छ ।वडा कार्यालय तथा शाखाहरुमा सूचना प्रविधि लगायतका उपकरणको व्यवस्था गरि काम कारवाहीलाई चुस्त दुरुस्त बनाउने प्रयास गरिएको छ ।

५०. पारदर्शीता अभिवृद्धि तथा वित्तिय जोखिम न्यूनीकरण गर्नको लागि विद्युतीय हाजिर मेसिनको व्यवस्था, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगलाई कसिलो र व्यापक बनाइएको छ ।

५१. विकास निर्माणका कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन तथा उपभोक्ता समिति एवं टोल विकास समितिहरुलाई थप जिम्मेवार बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

खिम बहादुर रावत
अध्यक्ष

५२. संस्थागत विकासको लागि विभिन्न सफ्टवेयर जडान, कानून तथा दस्तावेज निर्माण गर्ने कार्यलाई प्राथमिकता दिएको छु ।

सभाध्यक्ष महोदय,

अब, म माथि प्रस्तुत क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागी बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

१. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका नीति, कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्न रु. ३९ करोड ९४ लाख ८१ हजार बजेट विनियोजन गरेको छु ।कुल विनियोजन मध्ये चालु तर्फ ६० प्रतिशत र पुँजीगत तर्फ ४० प्रतिशत बजेट विनियोजन गरेको छु ।

२. आगामी आ.व. को लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक श्रोतबाट रु.१ करोड ४४ लाख ७२ हजार, संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु.७ करोड ९२ लाख, राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम रु.७ करोड ८६ लाख ८० हजार ९ सय, सशर्त अनुदान तर्फ रु.१९ करोड २५ लाख, समपुरक अनुदान तर्फ रु.१ करोड २५ लाख स्रोत परिचालन गरिनेछ ।साथै प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु.८३ लाख ६६ हजार, राजस्व बाँडफाँडबाट वापत प्राप्त हुने रकम रु.८ लाख ४३ हजार ९ सय, सर्शत अनुदान तर्फ रु.१ करोड २९ लाख १८ हजार स्रोत परिचालन गरिनेछ ।

३. अन्य संघ संस्थाबाट र प्रदेश सरकारबाट पछि प्राप्त हुने बजेटलाई प्राप्त भएपछि समावेश गरी बजेटको एकिकृत रुप तयार गरिनेछ ।

४. त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

अन्तमा,

गाउँपालिकाको समग्र विकासमा सहयोग पुर्याउन यो बजेट तर्जुमामा सहयोग गर्नु हुने सबैमा हार्दिक सम्मान र आभार व्यक्त गर्दछु ।

धन्यवाद ।



CamScanner